**गृहिणीद्वारा गृहिणीकै लागि**

**– मैना धिताल**

बुढ्यौली अवस्थामा प्रायः मानिसलाई चिन्ता हुन्छ अब कसको सहारामा बाँच्ने भन्ने तर ६५ हिउँद खाइसकेकी इन्दिरा सापकोटालाई भने यतिखेर आफ्नोभन्दा अरूको चिन्ता लाग्न थालेको छ । यस उमेरमा पनि ती बूढीआमाको जोश र क्रियाशीलतामा कुनै कमी आएको छैन । उमेरले बूढो भए पनि कामप्रतिको क्रियाशीलताले नवजवान बनाएको छ उनलाई ।

पर्यटनलगायत अन्य उद्योग-व्यापारमा शिथिलता आउन थालेपछि आजभोलि उनको गृहिणी उद्योग पनि संकटमा पर्न थालेको छ । आफूले काम दिएर राखेको कामदारको रोजीरोटी खोसिने त होइन भन्ने चिन्ताले सताउन थालेको छ यिनलाई । उनलाई कमाएर खाने पीरभन्दा पनि ग्रासरूटका महिलाको बारेमा बढी चिन्ता लागेको छ- इन्दिर भन्छिन् ।

घर र अफिस गर्ने दैनिकी त छँदैछ, सानो-ठूलो औद्योगिक प्रदर्शनी, गोष्ठी तथा सेमिनारमा पनि पुगेकै हुन्छिन् उनी । यसबाहेक फुर्सदमा अधिराज्यका विभिन्न जिल्ला घुमेर गृहिणीलाई आत्मनिर्भर बन्ने तरिका पनि सिकाउन चुक्दिनन् उनी । आफूसँग भएको सीप अन्य महिलालाई पनि बाँड्नु यिनको मुख्य उद्देश्य हो ।

हाल उनी तीन संस्थाकी संचालिका भएकी छिन् । नेपाली गृहिणी उद्योग, विश्वास अचार तथा मसला उद्योगमार्फत् उनले प्रत्यक्ष २० जनालाई रोजगारी दिएकी छन् जसमा ४ जना पुरुष पनि छन् । बाहिर जिल्लाबाट आएका केही युवकले कलेज पढ्ने इच्छा जाहेर गरेपछि उनीहरूलाई काम दिएको उनी बताउँछिन् । कुनै समय उनले दुई सयभन्दा बढी महिलालाई प्रत्यक्ष-अप्रत्यक्ष रोजगार दिएकी थिइन् । तारे होटलमा पर्यटक घट्न थालेपछि यिनका उत्पादनलाई पनि असर पर्न थालेको छ ।

लेखपढ गर्न नजान्ने गृहिणीको श्रमसदुपयोगको एउटा ज्वलन्त नमूना हो- नेपाल गृहिणी उद्योग । २०३२ सालदेखि सञ्चालित यस उद्योगअन्तर्गत बेरोजगारीलाई तालिम दिने, रोजगारी दिने, उत्पादन बजारका लागि विभिन्न स्थानमा सम्पूर्ण कामको जिम्मेवारी हुँदै आएको छ । उनले विपन्न महिलालाई तालिम दिएर आत्मनिर्भरतातर्फ लैजाने प्रयास गरेकी छन् । इन्दिरा भन्छिन्- म पढेलेखेका महिलालाई तालिम दिन्न, उनीहरू त आफैं काम खोज्न सक्छन् ।

हाल यस उद्योगअन्तर्गत साना नानीको सुरुवाल, टोपी, स्वीटर, मोजाको सेटदेखि नवजात शिशु र आमाका लागि चाहिने प्रारम्भिक न्याना कपडा उत्पादन हुँदै आएका छन् । भर्खरै मात्र नयाँ उत्पादनस्वरूप नवजात शिशुको न्वारानका लागि आवश्यक पर्ने सम्पूर्ण कपडाका सेट पनि तयार गरेकी छन् । यस्तै ज्वानाको पाउडर, मेथीको कफी पनि हालसालै बजारमा ल्याएकी छन् । उनले स्थानीय बजारबाहेक अमेरिकामा बस्ने नेपालीले पनि भर्खर जन्मेका बच्चाको लागि पोशाक अर्डर गर्दछन् ।

उनी नयाँ उत्पादनका लागि पहिला आफू तालिम लिन्छिन् र त्यसपछि त्यसको नमूना तयार गरी गृहिणीहरूलाई सिकाउँछिन् । तालिम लिन जाँदा कैयौंपटक जवान युवतीहरूले यो उमेरमा पनि तालिम लिएर के गर्ने होला भनेर जिस्क्याउने गरेको अनुभव पनि छ यी बूढीआमासँग । तर इन्दिरा भन्छिन्- आफूले तालिम नलिए महिला दिदीबहिनीलाई कसरी नयाँ उत्पादनका बारे सिकाउन सकिन्छ र ?

सुरुमा भर्खर जन्मेको बच्चाको लुगा र अचारबाट काम थालेकी इन्दिराले राम्रो बजार पाएपछि अरू महिलालाई पनि काम दिन थालेकी हुन् । मैले सुरुमा चारजना टुहुरा महिलालाई लिएर काम गर्न थालेकी हुँ- उनले भनिन् । हाल उनी स्वीटर बुनाइ, कपडा सिलाइ, पापड, धूप, अचार, चक, तितौरा र गुन्द्रुक आदि उत्पादन गर्दै आएकी छन् । यिनले तयार पारेका अचार, मसला राजधानीका ठूला होटल द्वारिका, अन्नपूर्णलगायत ब्लूवर्ड, नवदुर्गा, भाटभटेनीजस्ता डिपार्टमेन्टल स्टोरमा समेत उपलब्ध छन् ।

५० हजारको लगानीबाट उद्योग सुरु गरेकी इन्दिराले समाज कल्याण परिषद्मा उद्योग दर्ता गराउन जाँदा ५० हजार नै घूस मागेको तीतो अनुभव पोख्दै भनिन्- त्यसपछि श्रीमान्कै सल्लाहअनुरूप घरेलु तथा साना उद्योग शाखा दर्ता गरेकी हुँ । स्वदेशी सामान चलाऔं, देशलाई समृद्ध बनाऔं भन्ने अवधारणा अघि सारेकी इन्दिरा घरेलु महिला उद्यमी पुरस्कार २०५७, इन्टरनेसनल इयर अफ भोलियन्टियर्स २००१ लगायतका पुरस्कारबाट सम्मानित भइसकेकी छिन् । अधिराज्यकै महिलाले उद्योग गरेर खानुपर्ने सुझाव दिने इन्दिरा मानिस भएर जन्मेपछि आफ्नो कर्तव्य पूरा गर्नुपर्छ भन्ने मान्यता राख्छिन् ।

उद्योगबाट आएको आम्दानी समाज उत्थान र तालिम आदिका लागि खर्च गर्ने उनी बताउँछिन् । तर मासिक २१ हजार रुपैयाँ घरभाडा तिर्न र कर्मचारीलाई तलब खुवाउनसमेत धौधौ छ आजभोलि । मन्त्रीज्यूलाई भन्न जाने हो भने ग्लोवलाइजेशन र

विश्वबैंकका कुरा गर्छन्, बरु आफैं मिलेर एकले अर्कोलाई टेवा दिनुपर्ने उनको धारणा छ । त्यो जमानामा घरबाट बाहिर निस्केर सामाजिक कार्य गर्नु एउटा क्रान्ति नै थियो । जसले गर्दा उनले केही हदसम्म सामाजिक बहिस्कार पनि सहनुपर्‍यो ।

५० हजार रुपैयाँबाट सुरु भएको यस उद्योगमा हाल ५ लाख रुपैयाँबराबरको लगानी छ । उद्योगको सबभन्दा ठूलो समस्या भनेकै बजार र कच्चा पदार्थ हो । उनका घरेलु उत्पादनले भारतीय बजारका वस्तुसँग प्रतिस्पर्धा गर्न गाह्रो परेको छ । इन्दिरा व्यवसायी मात्र होइनन्, समाजसेवी पनि हुन् । खासमा उनको व्यवसायलाई समाजसेवा भने पनि हुन्छ । आफ्नो र श्रीमान्को नामबाट सामाजिक संस्था खोलेकी छन् । भोटु-इन्दिरा सोसियल वेलफेयर सोसाइटी नामको यस संस्थाले खासगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोगमा बहुआयामिक विकास कार्यक्रम खासगरी महिलाको जीवनस्तर उठाउने सीपमूलक कार्यक्रम सञ्चालन गर्छ ।

उनले पिछडिएका महिलाल वर्गलाई आयआर्जन कार्यमा सरिक गराउने, उनीहरूमा उद्यमशीशलता विकास गर्ने, स्वतन्त्र रूपमा काम गर्ने वातावरण तयार गर्ने, ग्रामीण महिलालाई स-साना व्यवसाय गर्न प्रोत्साहन तथा ज्ञान दिनेलगायतका कार्यक्रम पनि यस संस्थामार्फत् सञ्चालन गर्दै आएकी छन् ।

१३ वर्षको उमेरमा बिहे गरेकी इन्दिरा २० वर्षको उमेरमा चार सन्तानकी आमा भइसकेकी थिइन् । सुरुसुरुमा छोराछोरी हुर्केपछि केही नगरी घरमा बस्नुभन्दा आफूलाई व्यस्त राख्दा समय पनि बित्ने, आयआर्जन पनि हुने भएकाले उनले सीपमूलक कार्य सुरु गरेकी हुन् । अहिले उनका तीन छोरा आफैं सक्षम छन् भने एक छोरी अस्ट्रेलियामा छन् । जीवन निर्वाह गर्नुपर्ने बाध्यताले काम गर्नुपर्ने आवश्यकता छैन उनलाई तर आफूलाई सधैं सक्रिय राख्न मनपराउने इन्दिरा निरन्तर क्रियाशील छन् । विशेष गरेर महिलाहरूको लागि रोजगारी सिर्जना गर्नका खातिर यस उमेरसम्म पनि इन्दिरा लागिपरेकी छन् ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

परिवार नियोजन गरेकै कारण कैलीले लोग्नेको पिटाइ खाइन्

– बाबुराम विश्वकर्मा

सिन्धुली जिल्लाको हत्पते गाउँ विकास समिति वडा नं. ४ निवासी कैली विश्वकर्मा हिजोआज लोग्नेको कुटाइ खान बाध्य छिन् । ४ महिनाअघि आफ्नी कान्छी बहिनी जिरीमाया विश्वकर्मासँगै उनले स्थायी रूपमा परिवार नियोजन गरेकी थिइन् । त्यही कारण उनले श्रीमान् पूर्णबहादुर विश्वकर्माबाट शारीरिक र मानसिक पीडा बेहोर्नुपरेको हो । पाँचवटी छोरी र दुईजना छोरा हुँदासमेत लोग्नेले उनलाई परिवार नियोजन गर्ने तथा अस्थायी साधन प्रयोग गर्ने अनुमति र सल्लाह दुवै दिएनन् ।

गाउँ नजिकै सञ्चालित परिवार नियोजनसम्बन्धी अस्थायी शिविरमा बहिनी जिरीमायासँगै कैली पनि गइन् । आफू अशिक्षित भए पनि थोरै छोराछोरी हुनुपर्छ भन्ने मान्यता राख्ने महिला थिइन उनी । तर, लोग्नेको दबाबका कारण आधा दर्जनभन्दा बढी छोराछोरी हुँदासमेत उनले परिवार नियोजन गर्न पाइनन् । श्रीमान् घर नभएको मौका छोपी उनले स्थायी रूपमा नै परिवार नियोजन गरेकी थिइन् ।

धेरै सन्तानको बोझ र दिनप्रतिदिन स्वास्थ्य बिग्रिँदै गएका कारण मैले स्थायी बन्ध्याकरण गरेकी हुँ, कैली बताउँछिन् । तर परिवार नियोजन गरेपछि उनले आफूले कहिले नसोचेको पीडा भोग्नुपर्‍यो । आफ्नो पीडा उनी यसरी व्यक्ति गर्छिन्- परिवार नियोजन गरेको दिनदेखि मैले लोग्नेको हातबाट धेरैपटक कुटाइ खाएँ । घरबाट निकाल्ने धम्कीसमेत आयो । तर जतिसुकै दुःख भए पनि घर छाडेर कहाँ जानु र ? उनी थप्छिन्- सातवटा छोराछोरी हुँदा पनि भगवान्को बरदान भनेर बस्नुपर्‍यो मैले । ३८ वर्षीया कैली लोग्नेको पीडाका कारण अहिले विक्षिप्त अवस्थामा पुगेकी छन् ।

आफ्नी श्रीमतीले परिवार नियोजन गरेपछि आक्रोसित बनेका उनका श्रीमान् पूर्णबहादुरले पटकपटक कैलीसँग सम्बन्धविच्छेद गर्ने धम्कीसमेत दिए । एकपटक गाउँलेहरूसित आफ्नी श्रीमतीबारे पूर्णबहादुरले असन्तोष प्रकट गरेको कुरा गाउँलेहरू बताउँछन् । म घरमा नभएको बेला मेरी श्रीमतीलाई फकाएर परिवार नियोजन गर्न लैजानेहरूलाई नै म श्रीमती जिम्मा लगाउँछु । उनको यस्तो अभिव्यक्तिबाट गाउँलेहरूसमेत आश्चर्यचकित गरे । आफ्नी श्रीमतीलाई परिवार नियोजन गर्न लिएर जाने जिरीमायाका श्रीमान् इच्छामान विश्वकर्मालाई त उनले धेरैपटक हप्काउने, गाली गर्ने र कुट्नेसमेत गरेको बताइन्छ ।

स्थानीय बासिन्दा कृष्णबहादुर विश्वकर्मा भन्छन्- आफ्नी श्रीमतीलाई परिवार नियोजन गर्न लैजानेहरूलाई उनले कैयौंपटक तह लगाउने धम्की दिँदै आएका छन् । उनको यस्तो हप्काइ र दबाबबाट जिरीमाया मात्र होइन उनका श्रीमान् इच्छामान विश्वकर्मा, कान्छी विश्वकर्मा, गंगामाया विश्वकर्मालगायतका अन्य छिमेकीहरूसमेत पीडित छन् ।

कैलीलाई परिवार नियोजन गर्न सहयोग पुर्‍याएको आरोपमा इच्छामान विश्वकर्मालाई गएको विजयादशमीको दिन पूर्णबहादुरले शारीरिक हमलासमेत गरेका थिए । हमलामा परेका इच्छामान भन्छन्- कैली विश्वकर्मा आफ्नै इच्छाले परिवार नियोजन गर्न गएकी हुन् । तर हामीलाई दोष लगाएर पटकपटक उनले कुटपिट गर्ने र धम्की दिने काम गर्दै आएका छन् ।

अर्की महिला हरिमाया विश्वकर्माको व्यथा झन चर्को छ । उनी चारवटी छोरीकी आमा हुन् । लगातार चारवटी छोरी जन्मिएका कारण अहिले उनको श्रीमान्ले दोस्रो विवाह गर्ने तयारी गरेका छन् । छोरा नजन्माएकै कारण उनले सासू, ससुरा र लाग्नेबाट अनेक अपमान र पीडा भोग्नु परिरहेको छ ।

आज जिरीमायाजस्तै कैयौं महिलाहरूले इच्छा नहुँदानहुँदै धेरै सन्तान जन्माउन बाध्य हुनुपरेको छ । अर्कोतर्फ छोरी जन्मिए पनि सबै दोष महिलाहरूले नै बेहोर्नुपर्ने स्थिति छ । सौतालाई सहजरूपमा स्वीकार गर्नुपर्ने बाध्यता छ । कतिपय महिलाहरूले त लोग्नेबाट बिनाकारण भएका अन्याय र अत्याचारलाई सहजरूपमा व्यक्त गर्नसमेत सकेका छैनन् । उल्टो उनीहरूले आफूमाथि हुने घरेलु हिंसालाई लुकाउने प्रयत्न गरेको पाइन्छ ।

सिन्धुली जिल्लाको हत्पले गाविसका कैली र हरिमाया विश्वकर्मा त उदाहरण मात्र हुन् । कैली र हरिमायाजस्ता गाउँका धेरै महिलाहरूले अहिलेसम्म पनि आफ्नो प्रजनन अधिकार उपयोग गर्न सकेका छैनन् । कतिपय गाविसमा अहिले पनि महिलाहरू आफ्नो स्वेच्छाले परिवार नियोजन गर्न सक्दैनन् । गाविसका हेल्थपोष्टले पनि लोग्नेको मञ्जुरीबिना श्रीमतीको परिवार नियोजन गराइदिन मान्दैनन् । त्यसैले गाउँका धेरै महिलाहरू एकातिर छोरा पाउनुपर्ने बाध्यताका कारण धेरै सन्तान पाउन विवश छन् भने अर्कोतिर सजिलै परिवार नियोजन गर्न सक्ने पहुँच महिलाहरूमा नभएका कारण धेरै सन्तान जन्माउन बाध्य छन् ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**कुमारीहरूको मानसिक विकासमा समस्या**

**– लोचना शर्मा**

विश्वमै जीवित देवीको रूपमा प्रसिद्ध मानिने नेवारी समुदायमा रहेको कुमारी परम्पराअनुसार काठमाडौं, ललितपुर र भक्तपुरका अधिकांश पूर्वकुमारीहरूको हाल सुस्तमनस्थिति रहेको पाइएको छ । जीवित देवीको रूपमा कडा अनुशासित कालयापन गरी हाल विद्यार्थी जीवनमा रहेका ती कुमारी बालिकाहरू स्कुलमा शिक्षकहरूले पढाएको कम बुझ्ने, साथीहरूसँग नबोल्ने, नखेल्ने र एक्लै बस्न बढी मन पराउने रहेको पाइएको छ ।

स्वयम्भूकी अमिता चार वर्षको कलिलो उमेरदेखि कुमारी देवीको रूपमा आठ वर्ष बिताएर फर्किएकी थिइन् । उनी तेह्र वर्षको उमेरमा स्वयम्भूको गणेश अंग्रेजी बोर्डिङ स्कुलमा कक्षा सातमा पढ्छिन् ।

उनले कक्षा ६ सम्मको पढाइ नेपाली माध्यममा कुमारी छँदै पूरा गरेकी थिइन् । अनौपचारिक कोठे पढाइपछि हालको अंग्रेजी माध्यमको औपचारिक पढाइ उनका लागि कठिन भएको छ । कक्षामा पठाएको बुझे पनि नबुझे पनि उनी मौन नै रहन्छिन् ।

उनी खाजा खाने समयमा पनि साथीसँग खेल्न मन पराउन्नन् । कोठामै बसिरहन मन पराउँछिन् । साथीहरूसँग पनि उनी आफै नबोल्ने र बोलाएपछि मात्र छोटो उत्तर दिने गर्छिन्- उनकै दिदी रिना भन्छिन् ।

भक्तपुरकी पूर्वकुमारी निलम बज्राचार्यको व्यवहार पनि उस्तैउस्तै रहेको छ । उनले पनि ५ वर्षे कलिलो उमेरमै कुमारीको आसन ग्रहण गरी पाँच वर्ष पूरा गरिसकेकी छिन् ।

तर अमिताले जस्तो निलमले कुमारी भएको अवस्थामा पढ्न पाइनन् । त्यसैले उनका दाजु महेशले आफ्नी बहिनी निलमलाई कुमारीबाट फर्काएर घरमा नै ल्याएका छन् ।

हाल उनी १३ वर्षको उमेरमा मात्र तीन कक्षामा पढ्छिन् । उनलाई पनि सुरुमा त समाजमा घुलमिल गराउन गाह्रो भयो तर हाल उनी सबैसँग बोल्छिन्, खेल्छिन् तर पनि कलिलो उमेरमा कडा नियमबीच नियन्त्रित भएका कारण पनि उनी अरू साथीहरूसरह भने छैनन् ।

निलमकी आमा पद्मावतीलाई छोरी जीवित देवी बनाउन पाएकोमा खुसी लागेको छ । तर, दाजु महेश बज्राचार्य भने १३ वर्षको उमेरमा बहिनी कक्षा ३ मा मात्र पढ्दा खिन्न छन् । उनले त पढाइकै कारण बहिनीलाई चाँडै कुमारी मन्दिरबाट फर्काएका थिए ।

त्यति मात्र हैन, जीवित देवीको रूपमा दिइने सरकारी भत्तामा पनि आफ्नी बहिनी ठगिएकोमा उनी असन्तुष्टि व्यक्त गर्छन् । हाल उनकी एक्ली बहिनी निलमको मासिक भत्ता रु. १०० मात्र छ ।

कुमारीको विवाह गर्नुहुन्न भन्ने कथन छ । यदि विवाह नहुने हो भने मासिक रु. एक सयले कसरी जीवन चल्छ ? महेशको प्रश्न छ ।

ललितपुर गावहाल बस्ने चन्द्रशिला बज्राचार्य पनि अवकाशप्राप्त जीवित कुमारी देवी हुन् ।

उनमा पनि अरूमा झैं एक्लोपन छ । तर अहिले समाजमा राम्ररी नै घुलमिल भइन् । पहिले-पहिले त स्मरण शक्ति धेरै नै कम थियो तर हाल सुधार आएको कुरा उनका बुबा आनन्दरत्न बज्राचार्य बताउँछन् ।

उनका साथीहरूका अनुसार अहिले पनि कुमारी (चन्द्रशिला) खुला रूपले नबोल्ने, प्रायः मौन नै रहने गरेको बताउँछन् ।

कुमारीलाई दिइने मासिक भत्तामा समेत ठूलो पक्षपात गरिएको गुनासो प्रकट गर्छन् भक्तपुरका पूर्वकुमारीका दाजु महेश बज्राचार्य र स्यवम्भूकी पूर्वकुमारी अमिताले मासिक भत्ता रु. ३ हजार, ललितपुरकी पूर्वकुमारी चन्द्रशिला रु. ९ सय, भक्तपुरकी पूर्वकुमारी निलमले भने मासिक रु. १ सय पाउँदै आएका छन् ।

अमिता कक्षाकोठामा नबोल्ने, पढाएकोसमेत कम बुझ्ने र स्मरणशक्ति पनि कम भएको कुरा गणेश बोर्डिङ इंग्लिस स्कुलका शिक्षक रत्नकाजी डंगोल प्रष्ट्याउँछन् ।

कक्षामा सामूहिक रूपमाभन्दा एक्लै पढाएको मात्र उनले बढी बुझ्छिन् । अमिता सोधेको कुरा मात्र बोल्छिन्, पढाएको कुरा सोही दिन मात्र उत्तर दिन सक्छिन् उनी । भोलि सोधेमा उत्तर दिन सक्दिनन्, शिक्षक ढुंगाना भन्छन् ।

पूर्वकुमारी निलमका दाजु महेश बज्राचार्यका अनुसार यसरी पक्षपात गरेको कारण नै आजभोलि कुमारी राख्न कोही पनि मन पराउन छाडेका छन् ।

पाटन मानसिक अस्पतालका निर्देशक डा. नीरकारमान श्रेष्ठ भन्नुहुन्छ- बालिकाहरूले कुमारीघरमा जेलजीवनजस्तै जीवन बिताइरहेका हुन्छन् । तसर्थ तिनीहरूको अरू बालबालिकासरह मानसिक विकास हुन पाउँदैन ।

उहाँका अनुसार कुमारीहरूलाई कुमारीघरमा पनि चौतर्फी विकासका लागि आवश्यक कार्यक्रम ल्याइनुपर्ने र अवकाश भएपछि घरपरिवारका सदस्यले घरेलु वातावरणमा हुर्काउनुपर्ने बताउनुहुन्छ ।

अर्का मनोचिकित्सक शंकरप्रसाद बस्नेतका अनुसार पूर्वकुमारीहरूलाई बाँकी जीवनका सम्बन्धमा अगाडि आउने अनुत्तरित प्रश्नले पनि मनस्थितिलाई कमजोर पार्न सक्छ ।

*ततत*

*संचारिका लेखमाला/संचारिका समूह*

**वैदेशिक रोजगारमा महिलाहरू**
**– सञ्जीव कार्की**

लोग्नेले सौता ल्याएर छुट्टै बसेपछि नेपालगञ्जकी धनमाया मगरमाथि आफ्ना तीनवटा बच्चाहरूको पढाइ, लेखाइ र हेरचाहको भार आफूमाथि थुप्रियो र उनी पढेलेखेकी थिइनन् र कुनै व्यापार-व्यवसाय पनि थिएन । लोग्नेको रोजगारीले बिहान-बेलुकाको छाक टार्दै आएकी उनलाई एक्कासि लोग्नेले हेर्न छोडेपछि के गरौं, कसो गरौं भयो । धेरै दिनसम्म त उनी अन्योल अवस्थामा रहिन् । नातेदारहरूलाई गुहारिन्, सरसापट गरिन् केही महिना त चल्यो तर उनको जिन्दगी त्यसरी सधैं चल्नेवाला थिएन । र, उनले एक दिन विदेश गएर काम गर्ने सोचाइ बनाइन् । छोराछोरीले पनि स्वीकृति दिए र उनी आइन् काठमाडौं । एउटा वैदेशिक रोजगार कम्पनीमार्फत् उनले दुबईमा गएर काम गर्ने अवसर त पाइन् तर खाडीमुलुकहरूमा काम गर्न जानको निम्ति महिलालाई सरकारले रोक लगाएका कारण उनले भारतको मुम्बई हुँदै दुबई पुग्नुपर्‍यो ।

विगत केही समयदेखि वैदेशिक रोजगारीमा नेपाली युवाहरूको आकर्षण बढिरहेको छ । आफ्नो मुलुकमा रोजगारी नपाएकै कारण युवाहरू वैदेशिक रोजगारीमा आकर्षित भएका हुन्, भनौं वैदेशिक रोजगारीको खोजी उनीहरूका निम्ति रहरभन्दा बढी बाध्यता नै हो । आफ्नै खुट्टामा उभिने र आफ्नै परिश्रममा बाँच्ने चाहना नेपाली महिलाहरूमा पनि बढ्दै गएको छ । धनमाया मगरकै जस्तो बाध्यता बेहोर्ने महिलाहरूको संख्या पनि कम छैन । तर, खाडी मुलुकमा गएर काम गर्नका निम्ति सरकारले महिलाहरूलाई रोक लगाएका कारण उनीहरू निक्कै अप्ठ्यारोमा परेका छन् । २०५४ सालमा खाडीमुलुकमा रोजगारीका निम्ति गएकी कानी शेर्पा नामक महिलाले आफू कार्यरत रहेको घरको कौशीबाट हामफालेर आत्महत्या गरेपछि मन्त्रिस्तरीय निर्णय गरी श्रम मन्त्रालयले खाडीमुलुकमा रोजगारका लागि जानबाट महिलालाई रोक लगाएको थियो । अहिले त्यस निर्णयका बाबजुद महिलाहरू गई नै रहेका छन् तर नेपालबाट सिधै जान नपाएका कारण उनीहरूको बाटो मात्र लम्बिएको छैन, आर्थिक भार पनि बढेको छ । अहिले खाडीमुलुकमा कामका निम्ति जाने महिलाहरू भारत र बंगलादेश भएर जाने गरेका छन् जसका कारण उनीहरूका निम्ति वैदेशिक रोजगारी पुरुषको तुलनामा निकै महँगो पर्ने गरेको छ ।

अहिले साइप्रस, मलेसिया, इजरायल आदि मुलुकमा नेपाली महिलाहरूको माग निकै बढेको छ । तर त्यहाँसम्म पुग्ने सुरक्षित च्यानलको अभावका कारण उनीहरू ती देशहरूमा पुग्न सकिरहेका छैनन् । फिलिपिन्स, इन्डोनेसिया, श्रीलंका आदि मुलुकका महिलाहरूको संख्या ती मुलुकहरूमा निकै छ तर अन्य मुलुकका महिलाहरूभन्दा नेपाली महिलाहरू बढी विश्वासयोग्य भएका कारण वैदेशिक कम्पनीहरूमा नेपाली महिलाहरूको माग बढेको हो । संयुक्त राष्ट्रसंघीय महिला विकास कोष (युनिफेम) ले एसिया प्यासिफिक क्षेत्रमा वैदेशिक रोजगारीमा जाने महिलाहरूको सशक्तीकरणका निम्ति कार्यक्रमको सुरुवात गरेको छ । युनिफेम नेपालकी परियोजना संयोजक सरू जोशीका अनुसार फिलिपिन्स, श्रीलंका, मलेसिया, जोर्डन, इन्डोनेसिया र नेपाल गरी यी छवटा राष्ट्रमा अहिले कार्यक्रमहरू सञ्चालन गरिएका छन् । युनिफेमको पहलमा सन् २००० मा एसिया प्यासिफिक क्षेत्रका गैरसरकारी संस्था र सरकारका प्रतिनिधिहरूको बैठक नेपालमा सम्पन्न भएको थियो । उक्त बैठकले धेरै संख्यामा महिलाहरूले अवसर गुमाएको क्षेत्र रोजगारीको क्षेत्र हो भन्ने निष्कर्ष निकालेको थियो । नेपालको सन्दर्भमा भन्ने हो कुनकुन देशमा कति महिलाहरू कार्यरत छन् भन्ने कुराको निश्चित तथ्यांक छैन । जस्तो खाडीमुलुकहरूमा महिलाहरू कामको निम्ति जाँदा सिधै नेपालबाट नभई बंगलादेश र भारत हुँदै गएका कारण उनीहरूको तथ्यांक राख्न झनै मुस्किल छ । सरू जोशी भन्नुहुन्छ- महिला अधिकारको दृष्टिकोणबाट हाल भएका वैदेशिक रोजगारसम्बन्धी नीति, कानुन र कार्यक्रमहरूको अध्ययन गर्नु, वैदेशिक रोजगारका निम्ति महिलाहरू कहाँ-कहाँ कति संख्यामा गएका छन् भन्ने कुराको पहिचान गर्नु र स्थानागमनको यो प्रक्रिया सरल, सुरक्षित र पहुँचपूर्ण बनाउनका निम्ति पहल गर्नु युनिफेमद्वारा सञ्चालित उक्त कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । यस प्रक्रियामा युनिफेमले श्री ५ को सरकारसँग समन्वय गरी कार्य गर्दै आएको छ ।

अहिले नेपालमा वैदेशिक रोजगारको प्रसंग निकै चर्चामा आएको छ । तर, वैदेशिक रोजगारीमा युवाहरूलाई पठाउनेभन्दा पनि उनीहरूलाई कसरी सुरक्षित रोजगारीमा सहभागी गराउने भन्ने प्रमुख कुरा हो । सुरक्षित रोजगारीका निम्ति सरकारीस्तरबाट नै पहल गरी द्विपक्षीय सम्झौताका आधारमा युवाहरूलाई पठाउन सक्यो भने उनीहरूको परिवारको निम्ति मात्र होइन राष्ट्रकै आर्थिक उन्नतिको निम्ति मार्ग प्रसस्त हुने कुरामा दुईमत छैन । धनमाया मगर भन्छिन्- म दुबईमा तीन वर्ष बसें र सात लाख कमाइ गरें । मैले तीन वर्ष गरेको दु:खले मेरा बच्चाहरूको भविष्य उज्ज्वल हुने आशा मैले गरेकी छु । बच्चाको फि तिर्न सकिनँ भनेर अब मैले कसैसँग हात पसार्न जानुपर्दैन । वैदेशिक रोजगारीमा अनेक रोकटोक र चर्चा-परिचर्चाका कारण कतिपय व्यक्तिहरू आफू विदेशमा बसेर काम गरेको चर्चा गर्न चाहँदैनन् र कतिले त आफ्नो नाम पनि भन्न चाहँदैनन् ।

यो पेशालाई कसरी भरपर्दो र इज्जतिलो बनाउने भन्ने कुरा पनि आजको प्रमुख चुनौती हो । काठमाडौंमा खुलेका कतिपय वैदेशिक रोजगारसम्बन्धी कम्पनीहरूले गरेका ठगीका कारण त्यस्ता कम्पनीहरूप्रतिको विश्वासमा कमी पनि आएको छ । आफूले स्वच्छ काम गरेर रोजगारीका निम्ति विदेश जान चाहनेहरूको विश्वास जित्नु रोजगार कम्पनीहरूका निम्ति प्रमुख कर्तव्य बनेको छ । साथै सुरक्षित रोजगारीका निम्ति कसरी ग्यारेन्टी गर्ने भन्ने बारेमा पनि विभिन्न प्रयासहरू गर्नु जरुरी देखिन्छ । महिला घरेलु काममा पठाउँदा शोषणको सम्भावना बढी हुने हुँदा उनीहरूलाई ठूला-ठूला होटल मल्टिनेशन कम्पनीहरू तथा ठूला उद्योगहरूमा पठाउनका निम्ति पहल गर्नुपर्दछ । त्यसका निम्ति विदेश पठाउनुअघि उनीहरूको क्षमता

अभिवृद्धि गर्नका निम्ति सीपमूलक तालिमहरू दिलाउनु नितान्त जरुरी छ । उनीहरू कुन देशमा र कस्तो काममा जाने हुन् त्यसको पूर्ण जानकारी रोजगारका निम्ति जाने व्यक्तिहरूलाई गराएर त्यसका निम्ति तयारी प्रशिक्षण दिनुपर्दछ । वैदेशिक रोजगारमा जाने महिलाहरू मात्र होइन, पुरुषहरू पनि सशक्त नहुन सक्छन् तसर्थ उनीहरूलाई पनि प्रशिक्षणको जरुरी पर्दछ । धनमाया मगर भन्छिन्- मैले त्यसअघि कहिल्यै प्लेन चढेकी थिइनँ तसर्थ एयरपोर्ट देख्ने कुरै भएन । एयरपोर्टभित्र पसेपछि कहाँ जाने कसरी जाने केही थाहा नहुँदा पनि निकै अप्ठ्यारो पर्दछ । वास्तवमा यस्तोखाले अप्ठ्यारो जोकोहीलाई पर्न सक्छ तसर्थ एयरपोर्टमा एउटा श्रम डेक्स राख्नुपर्ने सुझाव पनि सम्बन्धित व्यवसायीले दिंदै आएका छन् । आफ्नो देश छोड्ने आफन्तहरूको माया-ममताबाट अलग्गिने रहर कसलाई हुन्छ र ? तर श्रमको निम्ति विदेशिनु अहिले नेपालीहरूको बाध्यता बनेको छ । पढाउन-लेखाउनै नसकी छोराछोरीसँगसँगै बसेर ममता मात्रै देखाउनुभन्दा बाहिर गएर श्रम गरी उनीहरूलाई शिक्षा दिनु, उनीहरूका आवश्यकताहरू पूरा गरी उज्यालो भविष्यको निम्ति केही गर्नु नै मैले उपयुक्त ठानें- धनमाया भन्छिन्- अहिले छोराछोरीको माया भन्दै मैले उनीहरूलाई च्यापेर मात्र बसेकी भए न म उनीहरूलाई पढाउन सक्थें न त उनीहरूलाई मन लागेको कुरा खुवाउन नै । बाहिरबाट ल्याएको पैसाले अब कुनै व्यवसाय गरूँ भनेर सोच्दैछु । अहिले कतिपय महिलाहरू सहरमा नराम्रो व्यवसायमा लागेको चर्चाले पनि व्यापकता पाएको छ । काठमाडौंमा मात्रै पनि थुप्रै महिलाहरू देहव्यापारमा लागेको भन्ने अनेक तथ्यांकहरू प्रकाशित भएका छन् र त्यसको प्रमुख कारण रोजगारीको अभाव मानिएको छ । अहिले सुरक्षित तवरले महिलाहरूलाई वैदेशिक रोजगारीमा समावेस गराउन सक्यो भने यो समस्यामा पनि कमी आउने आशा गर्न सकिन्छ ।

*संचारिका लेखमाला/संचारिका समूह*